# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

☎ ०७६-५५०३८३
google+code No. M5QF+48


पत्र संख्या :
चलानी नम्बर : ५८३५

मिति : २०८१.०३.३१

**यो जस संग सम्बन्धित छ।**

विषयः-रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्वन्धी सूचना ।

जिल्ला कपिलवस्तु बाणगंगा नगरपालिकाअन्तर्गत श्री शुद्दोधनजनजीवन माध्यमिक बिद्यालय जिनवामा रिक्त भएको माध्यमिक तह तृतीय श्रेणीको विज्ञान बिषयको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइ दिनु भनी विद्यालयको च.न.११८ मिति २०८१।०३।१६ गतेको पत्रवाट अनुरोध भइ आएकोले सम्वन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरुवाट यो सूचना प्रकाशित भएको मितिले १५दिन भित्र शिक्षा नियमावलीको अनुसूचि१७ बमोजिमको ढाँचामा सम्वन्धित बिद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्वन्धी निर्देशिका २०८१को दफा९ वमोजिम सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ।

पुनश्च :

१. तोकिएको म्याद भित्र विद्यालयमा निवेदन पेश गर्न सकिनेछ।
२. म्याद नाघी वा तोकिए वमोजिमको रित्त नपुगी आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

राजकुमार तिवारी
निमत्त प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ
श्री शिक्षा विकास तथा समन्वय इकाइ, कपिलवस्तु
श्री शुद्दोधनजनजीवन माध्यमिक बिद्यालय, जिनुवा भलवाड बाणगंगा न पा ९ कपिलवस्तु ।

**नोट : निवेदनका साथमा संलग्न हुनु पर्ने कागजातहरु**

(१) शुरु स्थायी नियुक्ति (२) हालको विद्यालयमा वहाल भएको प्रमाणित पत्र (३) सम्बन्धित पालिकाको सहमति पत्र (४) अनुसूचि १७ अनुसारको विवरण (५) सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइको सहमति पत्र (६ ) सम्बन्धित विषयमा स्नातक वा स्नातकोत्तर तहको शैक्षिक योग्यताका प्रमाणपत्रहरु ( ७) नेपाली नागिरक्ताको प्रतिलिपी र स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपी ।